# नेपाल गजट

## भाग ३

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं भाद्र १२ गते २०१३ साल

### अर्थमन्त्रालयको सूचना

(१) अवसरप्राप्त सरकारी कर्मचारीहरूलाई सरकारतर्फबाट तालिम हासिल गर्न पठाउँदा देहायबमोजिम इनिसियल लुगा भत्ता दिने गर्नू।

(क) भारत, सिलोन, पाकिस्तान, बर्मामा तालिममा जानेलाई ।—

| | | |
|---|---|---|
| [१] | गजेटेड अफिसरके भा. नो. रु. चारसय | ४०० |
| [२] | नन्–गजेटेड अफिसरके ऐ ऐ तीनसय | ३०० |
| [३] | नायब सुब्बाके ऐ ऐ दुइसय पचास | २५० |
| [४] | स्टेनोग्राफर र हिड्डा सरदार औ सो स्केलकालाई ऐ ऐ दुइसय | २०० |
| [५] | सीनियर क्लर्क र सो स्केलकालाई ऐ ऐ दुइसय | २०० |
| [६] | जूनियर क्लर्क र सो स्केलकालाई ऐ ऐ दुइसय | २०० |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) सो दर्जादेखि बाहेकका स्केलमा पर्ने जवानहरूको हकमा शुरू अंकको स्केलको दामासाहीले पाउनेछ ।

(ग) उक्त लेखिएको ठाउँमा १ महिना र त्यसदेखि घटीको तालिममा जानेले पाउनेछैन ।

(घ) माथि (क) मा लेखिएका चार देशबाहेक अन्त समुद्र पारको तालिममा जानेलाई भने जुनसुकै दर्जाको वा तलब पाउने भए तापनि देहाय-बमोजिम हलिसियल लुगा खर्च दिने गर्नु ।—

[१] ३ महिनादेखि बढीकोलाई मा. नोट रु. छसय ६००

[२] ३ महिनाभन्दा घटीकोलाई ऐ. चारसय ४००

(ङ) सरकारको स्वीकृतिसम्म लिई आफुखुशी एशिया र यूरोप जहाँ भए पनि डिग्री र डिप्लोमाको निमित्त पढ्न जानेलाई उक्त लेखिएको लुगाखर्च र ठेकिएको तलब भत्तासमेत नपाउने । २०१२।१।२६ को बजेटबमोजिम बेतलबी बिदासम्म पाउने । तर यसअघि तलब र भत्ता-समेत पाउने गरी भइरहेको भए जुन विषयमा जति अवधिको निमित्त पढ्न जाँदा भएको निकाशा-भएको हो, सो अवधिसम्मलाई निजहरू पढ्न जाँदा भएको निकाशा-बमोजिम तलब भत्तासमेत पाउनेछ ।

(च) देश विदेशमा तालिम लिन वा अध्ययन गर्न जानेहरूलाई सरकारबाट खास चाहिने कुनै विषयमा सरकारले खटाई पठाएबाहेक अरूले तलब भत्ता नपाउने बारेमा २०१०।१०।१६ मा गजेट प्रकाश भइरहेको हुनाले आएन्दा पनि सोहीबमोजिम गर्ने गर्नु ।

(२) अन्तर्राष्ट्रिय सम्मेलनमा भाग लिन वा कुनै उत्सवमा खटिई गएमा देहायबमोजिम दिने गर्नु ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१८६

(क) लुगा खर्चको हकमा एशिया, यूरोप जहाँ भए पनि गजेटेड अफिसर-सम्मलाई भा, नो.रू. ८००, नन्-गजेटेड र त्यसदेखि मुनिकालाई भा. नो रू. ५०० पाँचसय दिने गर्नू।

[ख] दैनिक भत्ताको हकमा एशिया र अफ्रिकामा खटिई जाने सरकारी कर्मचारीहरूमा गजेटेडसम्मलाई दैनिक भा. नो. रू. ४५ पैंतालीस र नन्-गजेटेड र त्यसदेखि मुनिका अफिसरलाई भा. नो. रू. २५ पच्चिस; यूरोपतर्फ लण्डन, अमेरिका, स्वीजरल्याण्ड, फ्रान्समा जाने गजेटेड अफिसर-सम्मलाई भा.नो.रू. ६० साठी र नन्-गजेटेड र त्यसदेखि मुनिका अफिसरलाई भा. नो. रू ३५ पैंतीस रुपैयाँ र अन्त जानेलाई गजेटेड अफिसरसम्म-लाई भा. नो. रू. ४५ पैंतालीस र नन्-गजेटेड र त्यसदेखि मुनिका अफिसरलाई भा. नो. रू. २५ पच्चीस रुपैयाँ दिने। तर भारत, सिलोन, पाकिस्तान, बर्मा जानेले सो सो ठाउँमा पुगेका दिनदेखि छाडी आएका दिनसम्मको र समुद्रपार जानेले हिन्दुस्थान नाघी गएका दिनदेखि हिन्दुस्थान नपुगेसम्मका दिनको सोबमोजिम र त्यसदेखि बाहेक अरू बाटोमा लाग्ने दिनको हकमा अघि जारी भइरहेको दैनिक तथा भ्रमण-भत्ताको सवालबमोजिम पाउनेछ।

(ग) तालिममा जानेले वा उक्त [२] दफामा लेखिएबमोजिम भाग लिन जानेले लुगा खर्च लिएको मितिले ३ वर्ष भुक्तान नभई अर्को लुगा भत्ता पाउँदैन।

(घ) तालिममा वा अन्तर्राष्ट्रिय सम्मेलनमा भाग लिन वा कुनै उत्सवमा खटिई जाँदा पाउने लुगा खर्च भ्रमण खर्च र दैनिक खर्चको उक्त लेखि-एबमोजिम दरबन्दी भए तापनि सो मध्ये सो खर्चहरू कुनै वा सबै खर्च जहाँ जाने हो, वहाँको सरकारबाट दिने पाउने भए सो खर्च यहाँबाट नपाउने। तर अवस्थाअनुसार हाम्रो तर्फबाट थपी दिनुपर्ने हुन आ-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

एमा पार्टी दिन र अरु मै परी आउने जरुरी कामको निमित्त "सम्बन्धित विभागले हेरी पार्टी १ लाई मा. नो. रु. १००एकशयदेखि ५०० पाँचशयसम्म" उज्रातीमा राख्न लगाई दिई पठाउने र काम सकिएपछि खर्चको फाँटबारी एकाउन्टेन्ट जनरल अफिसमा पठाई बिन्हा लिएजति सदर स्याहा गर्ने लाउने र बिन्हा नभएजति फिर्ता दाखिल गर्न लाउने गर्नु ।

(२) उक्त लेखिएबमोजिम तालिममा अन्तरराष्ट्रिय सम्मेलनमा वा कुनै उत्सवमा भाग लिन जानेमा बाहेक अरु जुनसुकै सरकारिया काममा गए पनि उक्त लेखिएबमोजिमको लुगा खर्च दैनिक भत्ता पाउँदैन। दैनिक तथा भ्रमण भत्ताको बारेमा जारी भैरहेको सवालबमोजिम पाउनेसम्मको दैनिक तथा भ्रमण खर्चसम्म पाउनेछ।

आज्ञाले—
नीरराज,
सेक्रेटरी— अर्थमन्त्रालय.

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१८८